# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 12.04.2025**

**अन्तर्राष्ट्रीय युवा सम्मेलन**

अन्तराष्ट्रीय युवा सम्मेलन आज देखि नाम्ची जिल्लामा यांङगाग हेलीपैटमा शुरू भएकोछ। सिक्किमले राज्यको दर्जा पाएको 50 वर्ष पूरा गरेको विषयवस्तु भएको यस कार्यक्रमको सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले उद्घाटन गर्नुभयो। उहाँ कार्यक्रममा मुख्य अतिथि पनि हुनुहुन्थ्यो।

श्री तामाङले भन्नुभयो यो सम्मेलन एक आयोजना मात्र न भई पर्यटन तथा दियो विकासको साँनो सारको उत्सव पनि हो। सिक्किमको सीमाना चीन, नेपाल र भूटानसित जोड़िन्छ अनि यो सबभन्दा शान्तिपूर्ण राज्यहरू मध्ये एक हो।

राज्य विधानसभकी उपाध्यक्ष राजकुमारी थापाले भन्नुभयो, युवा नेता पर्यटन विशेषज्ञ तथा विश्व प्रतिनिधिहरूले पर्यटन विकासको भविष्य र क्षेत्रको प्रगतिलाई आकार दिनुमा यसको भूमिकाको पत्तो लगाउने छन्। श्रीमती थापाले सिक्किम एक जैविक राज्य भएको भन्दै यस  राज्यको साँनो सारको पत्तो लगाउनु यहाँका गाँउहरूको संस्कृति र सारको विकास गर्नुपर्ने भन्नुभयो।

**मत्स्य विभाग – पाकिम**

पाकिम जिल्लाको मत्स्य पालन विभागले प्रमुख मत्स्य पालन योजनाहरूको प्रभावी कार्यन्वयनमा वृद्धि गर्नुका लागि अग्रगामी प्रयासहरू गर्न जारी राखेको छ। सरकारी एजेन्सी तकनीकी टीम तथा स्थानीय समुदायहरू माझ बलियो सहयोगलाई बढ़ुवा दिएर यी प्रयासहरू गरिन्दैछन्।

क्षेत्र निरीक्षणको भागको तरवरमा आफ्ना टीमका साथ सहायक निदेशक श्रीमती गौरी मुखियाले मत्स्य पालन विभाग अन्तर्गत जारी मुख्य परियोजनाहरूको निरीक्षण गर्नुभयो।

कुट्टीवार वॉर्डमा कृषि प्रोधौगिकी प्रबन्ध एजेन्सी ATMA द्वारा आयोजित एक समन्वय बैठकमा पनि श्रीमती मुखियाले भाग लिनुभयो।

बैठकको उद्देश्य अर्त- विभागीय सहयोगलाई बलियो पार्नु  तथा क्षेत्रमा मत्स्य, कृषि, बागवानी र ATMAयोजनाहरूको कार्यान्वयनमा सुधार गर्न रहेको थियो।

मत्स्य पालन खण्ड अधिकारी श्री योगेश दंगालले माचोङको पाराखामा भएको यस्तै प्रकारको बैठकमा विभागको प्रतिनिधित्व गर्नुभयो। सत्रमा उहाँले प्रधानमन्त्री मत्स्य सम्पदा योजना, मुख्यमन्त्री मत्स्य उत्पादन योजना तथा  NFDP पंजीकरण जस्ता प्रमुख मत्स्य पालन पहलहरूबारे महत्वपूर्ण जानकारीहरू दिनुभयो। मत्स्य कृषकहरूको उत्थान र जलकृषि उत्पादनलाई बढ़ुवा दिनु, विभागका जारी प्रयासहरूलाई पनि श्री दंगालले उजागर पार्नुभयो।

**हनुनाम जयन्ती**

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले हनुमान जयन्तीको पावन अवसरमा आज हनुमान टोकमा आयोजित कार्यक्रममा भाग लिनुभयो अनि भक्ति भावका साथ पूजा अर्चना गर्नुभयो। सो बेला सिक्किम सरकारका ग्रामीण विकास मन्त्री असम उप्रेती पनि

उपस्थित हुनुहुन्थ्यो। राज्यपाल माथुरले सबैको खुशहाली, शान्ति र कल्याणका लागि प्रार्थना पनि गर्नुभयो आफ्नो सन्देशमा उहाँले भन्नुभयो हनुमान जयन्ती एउटा धार्मिक अवसर मात्र न भई भगवान हनुमानको चरित्रबाट प्रेरणा लिने अवसर पनि हो।

**हनुनाम जयन्ती- मुख्यमन्त्री**

मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले आज हनुमान जयन्तीको पावन अवसरमा सिक्किमका जनता प्रति आफ्नो हार्दिक शुभेच्छा व्यक्त गर्नुभएको छ। संकट मोचन हनुमानजीको दिव्य कृपाले हाम्रो मार्गका सबै बाधाहरू होस, हाम्रा पी – मर्काहरूको समाधान होस अनि हामीले शक्ति, बुद्धि र सरूणा प्राप्त गरौं भनि श्री तामाङले कामना गर्नुभएको छ उहाँले भन्नुभयो।

**महिला क्रिके□**

पूर्वोत्तर क्रिकेट विकास परिषद NECDC सीनियर महिला अर्त- राजीय क्रिकेट टुर्नामेन्ट 2025 को सिक्किम र मेघालय बीच फाइनल मैचका साथ आज समापन भएको छ। Mining Cricket Ground मा भएको यस मैचको सिक्किम क्रिकेट संघले आयोजना गरेको थियो। नामथाङ रातेपानीका विधायक तथा ऊर्जा विभागका सल्लाहकार श्री संजीव खरेल समारोहमा मुख्य अतिथि हुनुहुन्थ्यो। सिक्किमले दिएको 115 रनको विजय लक्ष्यलाई पछयाउँदै मेघालयले 8 विकेट गुमाई 19.3 ओभर मा नै दुई विकेटले मैच जीत्यो ।

**मौसम**

मौसम विज्ञान विभागले दिएको रिपोर्ट बतेका 24 घण्टामा गानातोक र वरपर क्षेत्रमा अधिकतम तापमान 19.8 डिग्री सेल्सियस र न्यूनतम तापमान 12.3 डिग्री सेल्सियस रहेको छ।

भोलि 13 अप्रेल सासान्यतः बाहल छाउने छुटपुट वर्षा हुने र मेघगर्जन हुने पूर्वानुमानछ।

अधिकतम तापमान 19 डिग्री सेल्सियस र न्यूनतम तापमान 12 डिग्री सेल्सियस रहनेछ।